निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

मिति : २०७७/१०/२१

निर्वाचन नेपाल आयोग २०२३

**नवनियुक्त निर्वाचन आयुक्तहरुको पद वहाली**

काठमाडौं, माघ २१ गते ।

संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट निर्वाचन आयुक्तको पदमा नियुक्त हुनुभएका नवनियुक्त निर्वाचन आयुक्त श्री रामप्रसाद भण्डारी र डा.जानकी कुमारी तुलाधरले राष्ट्रपति कार्यालयमा आयोजित बिशेष समारोहमा प्रमुख निर्वाचन आयुक्त श्री दिनेशकुमार थपलियाबाट सपथ लिनुभयो । उक्त सपथ ग्रहणपछि नवनियुक्त आयुक्तद्वयले निर्वाचन आयोगमा पद वहाली गर्नुभयो ।

निर्वाचन आयोग समग्र परिवारको तर्फबाट प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले नवनियुक्त आयुक्त द्वयलाई आयोगमा हार्दिक स्वागत गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभयो । उक्त अवसरमा प्रमुख निर्वाचन आयुक्तज्यूले बि.सं. २०२३ सालमा स्थापना भएको निर्वाचन आयोग मात्रै त्यस्तो संस्था हो जुन एक-एक मतको लागि प्रत्येक मतदाताको घर-घरमा पुग्दछ र हरदम क्रियाशील रहन्छ । निर्वाचन आयोग नेपालकै एक सम्मानित संस्थाको रुपमा रहेको प्रकाश पार्दै लोकतन्त्र, वालिग मताधिकार, निर्वाचन र जनतामा निहित सार्वभौमसत्ताको रक्षा गर्ने आयोगले आफ्ना निर्णय तथा क्रियाकलापमा आयोगभित्र मात्र नभई आयोग बाहिर समेत आफ्ना सरोकारवालाहरुबीच आम सहमति खोज्ने कुरा बताउनु भयो । उक्त अवसरमा प्रमुख निर्वाचन आयुक्तज्यूले आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आयोगबाट भइरहेका व्यवस्थापकीय कार्यहरुको बारेमा जानकारी गराउनुहुँदै आयोग घोषित मितिमा निर्वाचन सम्पन्न गर्न एकमन र सौंचका साथ अगाडि बढ्नुपर्ने अवस्था आएको कुरा बताउनु भयो ।

उक्त अवसरमा निर्वाचन आयुक्त नरेन्द्र दाहालले नवनियुक्त आयुक्तद्वयलाई स्वागत गर्दै आयोगमा सहमतिमा निर्णय हुने गरेको र समयको दवाव तथा विद्यमान अवस्थाका बारेमा नवनियुक्त आयुक्तहरु जानकार रहेको बताउनुहुदै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्यालले नवनियुक्त आयुक्तद्वयलाई स्वागत गर्दै आयोग अब थप बलियो भएको र उहाँहरुको सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । पद वहाली गर्न आयोग कार्यालय आइपुग्नु भएका नवनियुक्त निर्वाचन आयुक्तद्वयलाई आयोगका सचिव देव कुमारी गुरागाईं लगायत सबै कर्मचारीहरुले बधाई तथा सफल कार्यकालको शुभकामना दिदैं स्वागत गर्नु भएको थियो ।

०७७/१०/२१

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता